दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ३५ | बुटवल | २०८२ माघ १५ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday January 29, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**सहिद राष्ट्रिय गौरव हुन्**

- सहिदको बलिदान र योगदानको स्मरण गरौं ।
- सहिदप्रति सम्मान र समर्पण व्यक्त गरौं ।
- सहिदको सपना पूरा गर्न इमान्दार नागरिकको भूमिका निर्वाह गरौं ।
- देश प्रेम र एकताको भावना जागृत गराऔं ।
- सामाजिक सद्भाव, सहिष्णुता र एकता कायम राखौं ।
- सहिदको सपना साकार गरौं,
- देश विकासमा सबै नेपाली जुटौं ।

**नेपाल सरकार विज्ञापन बोर्ड**


## अविश्रान्त सर्जक भट्टराई अस्ताए



बुटवल ।

*कालापानी दुःखेको छ, ओखती गर्न बाँकी छ ।*
*यो धारा धाम माराको गुराँस फुल्न बाँकी छ ॥*
*कालो सर्प मऱ्यो किन्तु हरियो सर्प बाँकी छ ॥*

यस्ता थुप्रै कविताका सर्जक रामचन्द्र भट्टराई अब यो संसारमा रहेनन् । भट्टराईको ८४ वर्षको उमेरमा मंगलबार निधन भएको छ । बुधबार दिउँसो उनको बुटवल मगरघाटमा दाहसंस्कार भएको छ । दाहसंस्कारमा विभिन्न राजनैतिक दलका नेता कार्यकर्ता, साहित्यकार र पत्रकार सहभागी भए ।

साहित्यको प्रगतिवादी काव्यधाराका एक हस्ती भट्टराईको जन्म वि.सं. १९९८ असोज ५ गते भुवनपोखरी, पाल्पामा भएको थियो । भट्टराईले तीसको दशकको सुरुमा साहित्यिक सुस्केरा मासिक प्रकाशन गरे । साहित्यिक पत्रकारिता हुँदै मुलधारको पत्रकारितामा होमिएका उनी भैरहवाबाट प्रकाशित हुने दैनिक निर्णयको सम्पादक भए । अग्रज पत्रकार बालकृष्ण चापागाईंका अनुसार, उनी विसं. २०३४ देखि २०३९ सम्म दैनिक निर्णयको सम्पादकीय नेतृत्व गरे ।

त्यससँगै उनी तत्कालनी नेकपा मालेसँग आबद्ध भई राजनैतिक आन्दोलनमा पनि संलग्न थिए । त्यसपछि उनले भैरहवाबाट समालोचना साप्ताहिक प्रकाशन गरे । सुरुमा भैरहवामा निस्केको समालोचना बुटवल हुँदै काठमाडौंबाट प्रकाशन भयो । केही समय दैनिक पनि निस्क्यो । त्यसपछि उनको सक्रिय पत्रकारिता रोकिए पनि लेखनमा बिराम लागेन । राजनैतिक, साँस्कृतिक र साहित्यिक विषयमा निरन्तर कलम चलाए ।

उनी पचासको दशकअघि नै मोदनाथ प्रश्रित नेतृत्वमा रहेको राष्ट्रिय जनसाँस्कृतिक महासंघको महासचिव भए । 'यी दुईको जोडीले जनसाँस्कृतिक आन्दोलनलाई सशक्त बनाएको थियो, उहाँ बोल्दाबोल्दै कविता भन्न सक्ने व्यक्ति हो, कवितालाई गाउन सक्ने व्यक्ति हो ।'-नेकपा एमालेका पूराना नेता नेत्र पन्थी भट्टराईलाई सम्झन्छन् । २०५६ सालमा उनी नेकपा एमालेको तर्फबाट राष्ट्रियसभाको सदस्य भए । वाम राजनीतिमा लागेका उनी माले, एमाले, माओवादी हुँदै एमाले भए । एमाले विभाजन भई माधव नेपालले एकीकृत समाजवादी गठन गरेपछि उतै लागे । त्यसपछि नेपाली कम्युनिष्ट पार्टी निकट रहेका उनी पछिल्ला दिनमा वाम पार्टीले सोंचेअनुसार काम नगरेको भन्दै निराश देखिन्थे ।

उनले संस्कृत साहित्यमा आचार्यसम्मको औपचारिक शिक्षा पूरा गरेका थिए । विसं. २०१९ मा भाँचिएको तामाफुटकर कविताका माध्यमबाट सृजनायात्रा प्रारम्भ गरेका उनले बोईगीति काव्य–२०३२,हलो कविता संग्रह–२०३७, हृदयका फूलहरू कविता संग्रह– २०४६, झिङ्गे माछो कविता संग्रह–०४७, सुखानीको रगत गीत संग्रह २०४९, आगोका फूलहरू कविता संग्रह २०६१, सेतो हात्ती कविता संग्रह २०६३, ज्वाला उपन्यास–२०६४ लगायत कृति प्रकाशित छन् । राष्ट्रिय कविता महोत्सव–२०३० मा प्रथम स्थान हासिल गरेपछि उनको साहित्यिक यात्रा फराकिलो हुने बाटो खुलेको थियो । प्राप्त गर्न सफल उनी अनेकौं उनको साहित्यिक योगदानको कदर गर्दै विभिन्न सम्मान तथार पुरस्कारबाट विभूषित थिए । विभुषित गरिएको थियो । उनका तीन छोरा र दुई छोरी छन् ।

साहित्यकार तथा समालोचक ऋषिराम भुसालले भट्टराई साहित्य, पत्रकारिता र राजनीतिको त्रिवेणी भएको बताए । 'भूमिगत राजनीतिमा गाँसिएर सधैंभरी देश, जनता र जनअधिकारप्रति प्रतिबद्ध जनताको हृदयको गहिराईको एउटा दीप निभ्यो ।'–उनले भने ।

भुसालका भनाइमा संसार जिउँदाहरुको हो, जिउँदाले मरेकाको जीवनमा गरेको योगदानबाट सिक्नुपर्छ । भट्टराईको जीवनबाट धेरै सिक्न लायक विषय छन् ।

युवा पुस्ताका साहित्यकार कविराज पौडेल प्रगतिवादी साहित्यको एउटा धरोहरको अन्त्य भएको बताउँछन् ।

साहित्यकार दिपक विश्वकर्माले भट्टराई जनपक्षीय कवि, प्रखर राष्ट्रवादी प्रगतिशील साहित्यकार भएकोले मुलुकको साहित्यिक आन्दोलनले सशक्त हस्ती गुमाएको बताए ।

» *बाँकी ३ पेजमा*

रूपन्देही ३ :

# ३६ उम्मेदवार मतदाताको घर–घर पुग्दै



**मोहम्मद हबिब**

*भैरहवा ।*

रूपन्देही जिल्लाको भैरहवामा अहिले चुनावी अभियानले तीव्रता लिएको छ । रूपन्देहीको क्षेत्र नम्बर ३ अन्तर्गत पर्ने यहाँ ३६ जनाको उम्मेदवारी छ । जसमा १७ जना स्वतन्त्र रूपमा र १९ जनाले राजनैतिक दलबाट उम्मेदवारी दिएका छन् । भाषणमा समावेशीको कुरा गर्ने दलहरूले भने यहाँ २ जना मात्र महिलालाई उम्मेवार बनाएका छन् । नागरिक उन्मुक्ति पार्टी नेपालबाट नन्दकुमारी थापा र स्वतन्त्रबाट अञ्जना चौधरी थापा मात्रै महिला उम्मेदवार छन् । मुख्य दलहरूकसैले महिलालाई अगाडि सारेका छैनन् ।

उम्मेदवारको अन्तिम नामावली आएपछि उम्मेदवारहरू चुनावी प्रचारको पूर्वतयारीका कामहरू धमाधम गरिरहेका छन् । कार्यकर्ता भेटघाट, निर्वाचन परिचालन समिति निर्माण, आर्थिक सङ्कलनलगायत काममा दल र उम्मेदवारहरू लागेका हुन् ।

मुख्य दलहरूमध्ये नेकपा एमालेबाट बासुदेव घिमिरे चुनावी मैदानमा उत्रेका छन् । तिलोत्तमाको मेयरको रूपमा एक कार्यकाल र रूपन्देही क्षेत्र नम्बर ५ बाट प्रतिनिधिसभा सदस्य जितेका उनी अहिले गृह क्षेत्रबाट उम्मेदवारी दिएका छन् ।

यस्तै नेपाली कांग्रेस क्षेत्रीय सभापति सुशील गुरूङ पनि उम्मेदवार छन् । विद्यार्थी राजनीतिबाट खारिएर आएका अनुभवी गुरूङ समाजसेवी नेताका रूपमा परिचित छन् । संगठन निर्माण, लोकतान्त्रिक आन्दोलन र सामुदायिक सेवामा निरन्तर योगदान दिएका उनले शिक्षा, स्वास्थ्यका बारेमा अवगत छन् ।

यस्तै नेपाली कम्युनिष्ट पार्टीबाट फैज अहमद खानको उम्मेदवारी छ । २०७४ सालमा स्थानीय निर्वाचनमा सिद्धार्थनगरको नगरप्रमुखको उम्मेदवारी दिएका उनलाई पार्टीले चुनावमा उतारेको छ । स्थानीय र शालिन नेता फैजयस क्षेत्रको विभिन्न योजनाहरू सहित मैदानमा उत्रेका छन् ।

यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीबाट यस क्षेत्रमा डा. लेखजंग थापाको उम्मेदवारी छ । डाक्टर समेत रहेका उनले यही क्षेत्रबाट स्वास्थ्य सेवा दिइरहेकै बेला राजनीतिमा प्रवेश गरेका हुन् । न्यरो डमक्टरको रूपमा राम्रो परिचय बनेकोले सुशासन, सामाजिक न्यायका लागि उनले गृह क्षेत्रबाट नै उम्मेदवारी दिएका छन् । यसअघि यहाँ हुने उप-निर्वाचनका लागि पनि उनकै उम्मेदवारी तय भएको थियो ।

यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टीबाट क्याप्टेन गौरब बोहराको उम्मेदवारी रहेको छ । पूर्वमन्त्री स्व. दिपक बोहराको जेष्ठ सुपुत्र उनले बुवाको विरासतलाई अगाडि बढाउने कसरत गरिरहेका छन् । उड्डयन क्षेत्रमा ठूलो योगदान दिएका उनले यस क्षेत्रको विकासमा पनि योगदान दिनुपर्छ भनेर निर्वाचनमा होमिएका छन् । २०५६ सालदेखि निरन्तर राप्रपामा आबद्ध रहँदै आएका उनले आफ्नो पेसासँगै पार्टी संगठन जोगाउन स्थानीय तहमा सक्रिय भूमिका निर्वाह गर्दै आएका छन् ।

यस्तै जनता समाजवादी पार्टी नेपालबाट श्रीनिवास यादव उम्मेदवार छन् । लोसपा र जसपाको एकीकरणपछि यहाँ यादवलाई उम्मेदवार बनाइएको हो । यादव पार्टीका केन्द्रीय सदस्य हुन भने २०७४ सालको निर्वाचनमा रूपन्देही ४ बाट प्रदेशसभा सदस्यको उम्मेदवार बनेका थिए ।

यस्तै जनमत पार्टीले यहाँ युवा नेता विशाल गुप्तालाई उम्मेदवार बनाएको छ । नेपाल मजदुर किसान पार्टीले सुग्रिम चाई, राष्ट्रिय जनमोर्चाबाट बद्रे आलम मुसलमान, प्रगतिशील लोकतान्त्रिक पार्टीका गोविन्दप्रसाद काराखेतीको उम्मेदवारी छ ।

यसका अलावा १७ जनाको स्वतन्त्र उम्मेदवारी छ, विगतमा अन्य पार्टीमा रहेका केही उम्मेदवार बागीको रूपमा पनि उम्मेदवारी दिएका छन् ।

अहिले अधिकांश उम्मेदवारहरू मतदाताको घर-घर गएर मनोभाव बुझ्ने प्रयास गरिरहेका छन् । घोषणा पत्र कसरी बनाउने भन्नका लागि पनि उनीहरू जनताको समस्या बुझ्न जरूरी भएकाले आन्तरिक रूपमै घर-घर धाइरहेका छन् । समस्या पहिचान र मुद्दाहरूको पहिचान गरी त्यसलाई सम्बोधन गर्नेगरी घोषणापत्र र प्रतिबद्धतापत्र बनाउने, सम्पर्क कार्यालय स्थापना, कार्यकर्तालाई भेटघाट बनाउने काम भइरहेको छ ।

पार्टीहरूले निर्वाचन परिचालन समिति नै गठन गरी र प्रचारप्रसारको तयारीबारे कार्ययोजना बनाइरहेका छन् । निर्वाचन परिचालन, स्वयंसेवक, आर्थिक सङ्कलन समितिलगयतका सबै खाले आन्तरिक तयारी पूरा गरेर प्रचारमा लाग्ने योजनामा छन् ।

कुनै कुनै पार्टीबाट बागी उम्मेदवार पनि उठेकाले ति उम्मेदवारी र स्वतन्त्रलाई कसरी लैजाने भन्नेमा पनि कसरत भइरहेको छ ।

२०७९ सालको निर्वाचनमा यस क्षेत्रबाट तत्कालीन गृहमन्त्री बालकृष्ण खाँणलाई राप्रपाका उम्मेदवार दीपक बोहराले पराजित गरेका थिए । बोहराले २०७४ मा पनि कांग्रेससँग र २०७९ मा एमालेसँग तालमेल गरेर निर्वाचन जितेका थिए । बोहोरा ३६,७१७ मत ल्याएर विजयी भएका थिए । खाँणले ३४,०३६ मत प्राप्त गरेका थिए । सांसद बोहोराको २०८१ चैत १९ गते निधन भएपछि यहाँ रिक्त भयो । २०७९ को समानुपातिकतर्फ यस क्षेत्रमा कांग्रेसले २०,२७८, एमालेले १६,९८६ र रास्वपाले १४,१५४ मत पाएका थिए । प्रत्यक्षतर्फ जितेको राप्रपाले समानुपातिकमा ९,१८३ मत प्राप्त गरेको थियो ।

५ निर्वाचन क्षेत्र रहेको रूपन्देहीमा अगामी निर्वाचनका लागि ६ लाख ७२ हजार ५ सय २३ मतदाता छन् । जसमा रूपन्देही ३ बाट १ लाख ४० हजार ३५ जना रहेका छन् । ४६ वटा मतदान स्थल रहेको यहाँ १ सय ५७ वटा मतदान केन्द्र रहेका छन् । यो निर्वाचन क्षेत्रमा ओमसतियाको २, तिलोत्तमाको १३ र १४ बुटवलको १४ देखि १९, मायादेवीको ७ र ८, शुद्धोधनको १ देखि ७, सिद्धार्थनगरको १ देखि १३ र सियारीको १,२,३,६,र ७ वडा पर्छन् ।

## युवालाई संसद भवनमा कसले, किन र कसरी लग्यो ? जवाफ खोजौं : ओली



बुटवल । पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले जेनजी आन्दोलनको क्रममा आफू नेतृत्वको सरकारले गोली चलाउने आदेश नदिएको दोहोऱ्याएका छन् ।

बुधबार सामाजिक सञ्जालमार्फत् एक लामो स्टाटस लेख्दै उनले सरकारको आदेशमा उक्त दिन गोली नचलेको र सरकारले आदेश पनि नदिएको दाबी गरेका हुन् ।

'संसारको जुनसुकै देशका प्रमुख संवैधानिक अंगका कार्यालय रक्षाका लागि सुरक्षाकर्मीले चौबीसै घण्टा हतियारसहित कमब्याट पोजिसनमा उभिएको हुन्छ । उनीहरूले सरकारको आदेश होइन, कानुनको शपथ लिएका हुन्छन्,' ओलीले भनेका छन्-'त्यस दिन पनि सरकारको आदेशमा गोली चलेको होइन, सरकारले आदेश दिएको पनि होइन ।'

बरू उनले नयाँ बानेश्वरको निषेधित क्षेत्र तोडिँदासम्म पनि कुनै गोली नचलेको जिकिर गरेका छन् ।

'म फेरि पनि स्पष्ट पार्न चाहन्छु- तपाईंहरूको माइतीघरको शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले कुनै बल प्रयोग गरेको थियो ? थिएन । बानेश्वरको निषेधित क्षेत्र तोडिँदासम्म कुनै गोली चलेको थियो ? थिएन ।'- ओलीले भनेका छन् ।

उनले केहीदिनदेखि तत्कालीन प्रधानमन्त्रीको रूपमा आफूले नै गोली चलाउनेजस्ता आदेश दिएको भन्दै निराधार हल्ला फिँजाइएको दाबी गरेका छन् ।

'हाम्रो संविधानले कुनै पनि प्रधानमन्त्रीलाई आफ्नै नागरिकलाई गोली चलाउन आदेश दिन पाउने अधिकार दिएको छैन, र त्यस्तो आदेश मैले कहिल्यै दिएको पनि छैन र आदेश दिन सोच्न पनि सक्दिनँ ।'-ओलीले भनेका छन् ।

सरकारले त्यतिबेला घुसपैठको सम्भावना भएकाले माइतीघरमा प्रदर्शन रोक्ने निर्णय लिएको उनको स्पष्टोक्ति छ । 'तर जब युवाहरूले शान्तिपूर्ण सभाको अनुमति मागे, प्रशासनले सहजै अनुमति दियो ।

म स्वयंले पनि अघिल्लो दिन जेनजी सुझबुझ भएका हाम्रा युवाहरू अनुशासित र सचेत छन् भनेर सार्वजनिक रूपमा भनेको थिएँ ।'-ओलीले भनेका छन् । बरू, योजनाबद्ध रूपमा केही समूहले बालबालिका र स्कुल ड्रेसमा रहेका नानीबाबुलाई अगाडि राखेर संसद् भवनसम्म पुऱ्याउन खोजेको उनको भनाइ छ । 'किनकि उनीहरूलाई थाहा थियो संसद् भवन आक्रमण हुनथाले सुरक्षा निकायले कानुनअनुसार बल प्रयोग गर्नैपर्छ ।'-

» *बाँकी ३ पेजमा*

## 'पब्लिक डिबेट'का लागि तयार छु : प्रचण्ड



बुटवल । नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले आफू 'पब्लिक डिबेट'का लागि सधैं तयार रहेको बताएका छन् ।

बुधबार सञ्चारकर्मीहरूसँग कुरा गर्दै आफू जोसँग पनि पब्लिक डिबेटका लागि तयार रहेको बताए ।

उनले भने-'म त पब्लिक डिबेटका लागि तयार नै छु । मैले त पब्लिक डिबेट गर्दै आइरहेको छु । भदौ २७ गते अन्तरिम सरकार बन्यो । त्यसपछि यही ठाउँमा पहिलो सार्वजनिक रूपले म प्रस्तुत भएँ, पहिलो बहस मैले थाले, देशव्यापी हिँड्न पनि हामी नै थालेका हौं ।'

भावी प्रधानमन्त्रीबिच 'पब्लिक डिबेट' गराउनुपर्ने बहस चलिरहेको छ । एमालेले अध्यक्ष केपी ओली, कांग्रेसले सभापति गगन थापा र रास्वपाले वरिष्ठ नेता बालेन शाहलाई प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरेको छ ।

नेकपाले भावी प्रधानमन्त्री नतोकेपछि प्रचण्डले पब्लिक डिबेट'का लागि आफू तयार रहेको बताएका हुन् । एमाले अध्यक्ष ओली, कांग्रेस सभापति थापा पनि तयार नै देखिए पनि बालेनले अस्वीकार गर्दै आइरहेका छन् ।

उनले देश अझै सङ्कटमुक्त नभएको भन्दै निर्वाचनलाई धाँधलीरहित बनाउन लाग्नुपर्ने बताए । उनले देश कसैको स्टन्टबाजीमा नचल्ने जनाए ।




## सम्पादकीय

# नयाँ पुस्ताका लागि अनुकरणीय व्यक्तित्व

अविश्रान्त सर्जक रामचन्द्र भट्टराईको ८४ वर्षको उमेरमा मंगलबार निधन भएको छ । भट्टराई पत्रकारिता, साहित्य र राजनीतिका त्रिवेणी हुन् । एउटा व्यक्तिको जीवन बहुआयामिक ढंगले बित्नु यो समाजको लागि महत्वपूर्ण योगदान हो । आफू सक्रिय रहेको जुन क्षेत्रमा पनि उत्तिकै अब्बल रहन सक्नु उनको अब्बल क्षमता हो । पाल्पाको भुवनपोखरीमा जन्मेर भैरहवा, काठमाडौं हुँदै बुटवलमा बसेर पत्रकारिता, साहित्य र राजनीतिमा सक्रिय भट्टराईको निधनले अपुरणीय क्षति भएको छ ।

विद्यार्थी जीवनदेखि वाम राजनीतिमा झुकाव राखेका उनी साहित्य र पत्रकारिता हुँदै राजनीतिमा पनि खारिंदै अघि बढे । राष्ट्रिय जनसाँस्कृतिक मञ्चमा मोदनाथ प्रश्रित अध्यक्ष हुँदा उनी महासचिव भई साँस्कृतिक आन्दोलनमा महत्वपूर्ण योगदान गरे । सुस्केरा मासिक हुँदै साहित्यिक पत्रकारिताबाट मुलधारको पत्रकारितामा उनको अब्बल भूमिका देखिन्छ । भैरहवाबाट प्रकाशित हुने दैनिक निर्णयको सम्पादकीय नेतृत्व सम्हाल्दा उनले लेखेका सम्पादकीय निकै चर्चित रहेको समकालीनहरू सम्झन्छन् । साहित्य, पत्रकारितामार्फत् राजनैतिक आन्दोलनमा महत्वपूर्ण योगदान गरे । त्यही योगदानको कदर गर्दै नेकपा एमालेले उनलाई राष्ट्रियसभा सदस्य बन्ने अवसर दियो । मुलुकको नीति निर्माण तहमा ६ वर्ष बसेर योगदान गरे । राजनीति, पत्रकारिता र साहित्यका त्रिवेणी भट्टराईको पहिचान मुलतः साहित्यले गरायो । उनका आधा दर्जन साहित्यिक कृतिहरू छन् ।

कविता लेख्ने कवि धेरै छन्, तर कवितालाई गाउन सक्ने कवि विरलै छन् । आफूले लेखेको कवितालाई गाएर कहिले उनले धेरैलाई रुवाए । कहिले हसाएँ । कहिले जुरुक्क पारे । उनको यही शैलीले उनलाई स्थापित गर्‍यो । मुलतः राष्ट्र, राष्ट्रियता, लोकतन्त्र र जनाधिकारको पक्षमा उनले कविता लेखे । ती कवितालाई आफनै शैलीमा गाए ।

*कालापानी दुःखेको छ, ओखती गर्न बाँकी छ ।*
*यो धारा धाम माराको गुराँस फुल्न बाँकी छ ॥*

यो कविताले उनलाई अब्बल राष्ट्रवादी कविका रूपमा मात्रै चिनाएन् । नयाँ पुस्तालाई राष्ट्रप्रतिको प्रेम गर्न झकझकाएको छ ।

मुलुकमा २०६२/०६३ को जनआन्दोलन भयो, त्यो आन्दोलनमा उनले सशक्त उपस्थिति जनाए । आन्दोलन सफल भयो उनले लेखे ।

*कालो सर्प मर्‍यो किन्तु हरियो सर्प बाँकी छ ॥*

उनले भनेझैं लोकतन्त्रमाथिको कालो बादल मडारिरहेको छ । लोकतन्त्र आयो तर लोकतन्त्र संस्थागत हुन कठिन भइरहेको छ ।

साहित्यकार ऋषिराम भुसालले भनेझैं संसार जिउँदाहरुको हो, जिउँदाले मरेकाको जीवनमा गरेको योगदानबाट सिक्नुपर्छ । साँच्चै स्वर्गीय भट्टराईको जीवनबाट धेरै सिक्न लायक विषय छन् । ती विषयलाई नयाँ पुस्तालाई बाँड्न सकौं । उहाँप्रतिको सच्चा श्रद्धाञ्जली हुनेछ । हार्दिक श्रद्धाञ्जली प्रिय जनकवि रामचन्द्र भट्टराई ।

# काँग्रेसको सिंहालोकन र भविश्य !



एच.के. श्रेष्ठ

*जनआन्दोलन दुईपश्चात् काँग्रेसको राजासहितको प्रजातन्त्रको धारणा जनताले बदलेर गणतन्त्र स्थापना भइसकेको अवस्था छ । फेरि पनि त्यसलाई लोकतन्त्रको फराकिलो दायरामा स्थापित गर्न नसकेर काँग्रेसले पुनः नाजुक अवस्था व्यहोर्दैछ । केही सीमित धनाढ्यवर्ग, हिन्दुवाद, कथित उपल्लोजात, नातावाद, कृपावाद, गुटवाद र ठेकेदारवादको बार नागेर हिजै समावेशीकरण हुनसकेको भए र समाजका हरेक पक्षलाई दह्रोसँग पकड्न सकेको भए साँच्चै काँग्रेस कहाँ पुग्दथ्यो । प्रजातन्त्रको ओथारोमा भ्रष्टाचार नकोरलेको भए आज कति हाईहाई हुन्थ्यो ।*

काँग्रेस आन्तरिक पार्टिभित्र र राज्यमा पनि नेतृत्व, पद, पदाधिकारी, कुर्सी, सत्ता, मन्त्री, प्रधानमन्त्री, राष्ट्रपति ओहोदा आदि भनेपछि हुरुक्क र मोरिहत्ते गर्ने अतिवादी पार्टी हो । किन यस्तो हो भने यो नितान्त बुर्जुवा र पुँजीवादी दल हो । बौद्धिक परिक्षण पास नचाहिने केबल संख्याको निर्णयले मान्यता पाउने लोकतन्त्रमा ६३ प्रतिशत हस्ताक्षरको बहुमतको आधार देखाएर महाधिवेशन भएको छ । शेरबहादुर देउवा, गगन लविको पछाडि लितारिएका छन् । घिसारिएका छन् । घोक्रिनु परेको छ । झोक्रिनु परेको छ । बोक्रिनु परेको छ ।

काँग्रेस इतिहास केही मात्रामा बनाएको, वर्तमान बिगारेको, भविष्य समाप्तको दल बन्दैछ । जन्मदेखि अहिलेसम्म कडा अन्तरद्वन्द्व र आत्मघाति झगडाले आक्रान्त नेपाली काँग्रेसको याहाँसम्मको यात्रामा राजनीतिक, सैद्धान्तिक चेत खुलेको तर व्यवहारिक चेतनाको ढोका भने उग्रन नसकेको टिप्पणी गर्ने ठाउँ छ । इतिहासका विशेष कालखण्डको विशेष मोड र घुम्तिहरुमा पार्टी आन्तरिक दुर्घटनामा परेको र त्यसको असर सिंगो मुलुकको प्रजातन्त्रमा तरंगित भएको पाइन्छ ।

**काँग्रेस कमजोरीको शिंहावलोकनः**

विश्वेश्वरप्रसाद कोइरालको सक्रियतामा भारतमा वि.सं. २००३ मा भारतीय नेपाली राष्ट्रिय काँग्रेसको जन्मबाट सन १९४७ मा 'नेपाली राष्ट्रिय काँग्रेस' को न्वारन भएको नेपाली काँग्रेसले नेपाललाई मावली होइन घरनै बनाउन पर्छ भन्ने चेतना पूर्ण रुपमा नखुलेकै कारण बेला बेला भारतको लगावले नेपाली प्रजातन्त्रलाई खिच्ने गर्‍यो ।

बीपीले तयार गरिदिएको राजकीय विचारधाराको हैसियतको 'प्रजातान्त्रिक समाजवाद' पछिका पुस्तालाई व्याज खान लगानी गरेको राजनीतिक धनको रुपमा प्रयोग भयो । बीपीको राजनीतिक लगानी, त्याग तपस्यालाई साहु महाजनको सम्पत्तिमा छोरानातिले बिना श्रम मोजमस्तीसाथ उपयोग गरे जस्तो गरे, काँग्रेसले । यो दलले तत्कालिन अत्याचारी राणा शासनविरुद्ध लड्न पर्दछ, क्रान्तिको जेहाद छेड्नु पर्दछ र प्रजातन्त्रको स्थापनाको खातिर श्री ५ को नेतृत्वमा उत्तरदायी सरकार गठन गर्नु पर्दछ भन्ने ढंगका चेतनाको विकास गर्‍यो । तर क्रान्तिका उपलब्धिहरुलाई व्यवस्थापन गर्दै जाने, प्रजातन्त्रलाई बलियो बनाउँदै लाने र श्री ५ को नेतृत्व तत्कालिन अवस्थामा मात्र ठीक थियो, समाज विकासको परिवर्तन र मागसँगै राजतन्त्र पनि परिवर्तनको विकल्पमै पर्दछ र जनताको चाहना अनुरुप बदलिहाल्नु पर्छ भन्ने भिजनलाई चांहिदो मात्रामा काँग्रेसले विकसित गरेको थिएन ।

नेपाली काँग्रेसको जीवनमा प्रजातन्त्रको बुझाइप्रति वृहत् क्षेत्र लिन सकेको देखिंदैन । प्रजातन्त्रप्रतिको यहि साँघुरो घेराले गर्दा काँग्रेसलाई लाग्ने गरेको "पुँजीपतिको पार्टी, सामन्त, दलाल र नेकरशाही वर्गको प्रतिनिधित्व गर्ने, भन्ने आरोप बेलाबेला प्रमाणित आफैले गर्दै आएको छ । २०१५ सालको आम चुनावमा संसदको ७४/१०९ सिट विजयले दुई तिहाई बहुमत ल्याएको नेपाली काँग्रेसको सत्ता यात्रा विशेषत मातृका र बीपीबिच विवाद र टकरावकै कारण दुर्घटनामा पर्‍यो । काँग्रेसकै आन्तरिक कमजोरीमा टेकेर तत्कालिन राजा महेन्द्रले काँग्रेसको ढोका बन्द गरेर दलविहीन पञ्चायत घोषणा गर्‍यो । तीस वर्ष काँग्रेस पछाडि धकेलियो ।

२०४६ को जनआन्दोलन तक आइपुग्दा, काँग्रेसले धेरै लगानी गर्नुपर्‍यो । प्रजातन्त्रको पुनस्थापना गर्न पर्ने चेत खुल्यो । त्यहीअन्तर्गत अन्य वामपन्थी राजनीतिक दलहरुसँग सहकार्य गरेर मात्रै आन्दोलन सफल हुने चेतना काँग्रेसमा छायो । तर प्रजातन्त्रको पुनर्स्थापनापश्चात् राजनीतिक वा वामपन्थी दलहरुसँगको मित्रता र एकताले मात्रै प्राप्त उपलब्धि रक्षा हुने र प्रजातन्त्र सुदृढ तथा बलियो हुने चेत गुम हुँदै गयो । त्यसको लागि राजासँग भन्दा जनता र आन्दोलनको सहयात्री दलहरुसँग दुरी नजिक बनाउनुपर्ने होस त्यत्ति खुलेको देखिएन । त्यसो त प्रजातान्त्रिक पार्टीका आन्तरिक प्रजातन्त्र बलियो बनाउन पार्टीभित्र एकता मजबुत हुनुपर्नेमा ध्यान नखिची सत्ता र गुट, उपगुट मजबुत गर्नेतर्फ काँग्रेस लाग्यो । आफूसँगको सहयात्री वाममोर्चालाई शासित र आफू शासकको हैसियतमा व्यवहार गर्दै दुई गल्ती सँगसँगै गिरिजाप्रसाद कोइरालाको ०४८ पछिको एकलौटी सरकारले गर्दै गयो । सोही गल्तिले आफ्नो नेतृत्व सरकार भड्खारोमा जाक्किएर ०५१ को निर्वाचनमा ८३ स्थानमा ककर्किएर बस्नु पर्‍यो ।

०५६ को आम निर्वाचनमा एकमना सरकार चलाउने गरी जनमत पाएको काँग्रेस कृष्णप्रसाद भट्टराईको नेतृत्व सरकार सहित अगाडि बढीरहँदा पार्टीभित्र षड्यन्त्रमूलक मौलाएका गुट, उपगुटको फलस्वरुप छत्तिसे, बहत्तरेमा विभाजन हुँदै आफ्नै नेतृत्व सरकार पूर्णकालिन चल्न पाएन । पार्टीभित्रको यस्तो सत्ता, पद र शक्तिको लुछाचुँडीले प्रजातन्त्र कमजोर बनाउँदै लगे ।

काँग्रेस नेतृत्वका अनुदार र अप्रजातान्त्रिक सोंच र चरित्रकै कारण नेपाली काँग्रेसले नै ०५२ मा माओवादी जनयुद्ध जन्मायो । दरबार हत्याकाण्डले मौका पायो । राजतन्त्र बलियो बन्दै जाने क्रममा हत्याकाण्डपछि तत्कालिन राजा ज्ञानेन्द्रको कु को शिकार मुलुकलाई बनायो । प्रजातन्त्र अपहरण भयो । यति हुँदाहुँदै पनि नेपाली काँग्रेसमा चेत खुलेन, सुध्रेन, सच्चिएर नआएको आजसम्मको द्वन्द्व पुष्टि छ । प्रजातन्त्रलाई सृप कर्मकाण्डीतन्त्र बनाउने, तर भौतिकवादी र वस्तुवादी ढंगले रुपान्तरित हुन गाह्रो हुँदै आयो । प्रजातन्त्र कुनै अमूर्त सिद्धान्त मात्रै नभई व्यवहारमा वस्तुगत ढंगले आउनु पर्दथ्यो र पर्छ । यो समाजको रुपान्तरित तन्त्र हुनु पर्दथ्यो र पर्छ । यो मापनीय, जाँचकीय र परिणाम मुखी हुनु जरुरी छ । २००३ सालको चेतनाबाट जन्मेको प्रजातन्त्र त ०७२ मा यात्रा गर्दा समय परिवर्तनसँगै रुपान्तरित हुँदै अग्रगतिको धावक बन्न सकेन । प्रजातन्त्र आफैं अउटोमेटिक ढंगले विना चलायमान उत्पादित हुने मसिन पनि होइन । 'राजनीतिक परिवर्तनमात्र प्रजातन्त्र हो' भन्ने काँग्रेसको प्रजातन्त्रको बुझाईप्रतिको खोट देखिन्छ । प्रजातन्त्र त सामाजिक, साँस्कृतिक, आर्थिक शैक्षिक आदि सबै क्षेत्रको रुपान्तरण हो । ती क्षेत्रहरुको परिवर्तनविना प्रजातन्त्र दिगोढंगले जीवन्त भई बाँच्न पक्कै सक्दैन ।

जनआन्दोलन दुईपश्चात् काँग्रेसको राजासहितको प्रजातन्त्रको धारणा जनताले बदलेर गणतन्त्र स्थापना भइसकेको अवस्था छ । फेरि पनि त्यसलाई लोकतन्त्रको फराकिलो दायरामा स्थापित गर्न नसकेर काँग्रेसले पुनः नाजुक अवस्था व्यहोर्दैछ । केही सीमित धनाढ्यवर्ग, हिन्दुवाद, कथित उपल्लोजात, नातावाद, कृपावाद, गुटवाद र ठेकेदारवादको बार नागेर हिजै समावेशीकरण हुनसकेको भए र समाजका हरेक पक्षलाई दह्रोसँग पकड्न सकेको भए साँच्चै काँग्रेस कहाँ पुग्दथ्यो । प्रजातन्त्रको ओथारोमा भ्रष्टाचार नकोरलेको भए आज कति हाईहाई हुन्थ्यो ।

यद्यपि संविधानसभाको दोस्रो निर्वाचनले नेपाली काँग्रेसलाई थोरै फुर्किन ठाउँ दिएकोलाई अवसरको आधारको रुपमा उत्तरआधुनिक लोकतान्त्रिक चरित्र देखाउन जरुरीमा पनि फेल खायो । सबै जातीय, भाषीय, लिंगीय, क्षेत्रीय, वर्गीय, पेशागत, उत्पीडित, सिमान्तकित, दलीय आदिसम्म विस्तारित नेपाली समाजको सम्पूर्णताको बाहुल्यता प्रतिनिधित्व र पहुँचले काँग्रेसलाई तागतिलो भिटामिन बन्ने बुझाईमा क्लियर हुन सकेन । हिजोको पुरानो चरित्र, व्यवहार तथा गल्ति कमजोरीलाई पुरै मेटेर जान , सत्ता, कुर्सी र पदको लोभबाट पुरै मुक्त नभई फेरि पनि काँग्रेस पदीय लुँछाचुँडीमा जीवनमरण लडाई लडेको आभाष मिल्छ । जव सत्ता र महाधिवेशन हात लाग्ने अवस्था आउँछ तब काँग्रेसमा यस्तै हुन्छ । गुटबन्दी सक्रिय हुन्छ । अघिल्लो महाधिवेशनमा पनि सभापतिलगायत बिभिन्न पदका लागि काँग्रेसमा रँगीविरँगीका च्यानल खडा थिए । पार्टीको भन्दा पनि मुलुककै नेतृत्व गरेर आफ्नो नेतृत्वमा जनसंविधान कार्यान्वयन गरी मुलुकमा सफलताको ऐतिहासिक रेकर्ड कायम गर्नमा सार्थकता दिन सकेन । केवल पदको भागवण्डा र लडाइमा व्यक्ति र गुटगत नीति कलह र विवाद मच्चाएर पुरानो गल्तिमै काँग्रेसले तत्काल र कार्यक्रम तथा कार्य योजनाको महाधिवेशन नगरेर पद हसुर्ने महाधिवेशन गरेको थियो । त्यतिबेला सुशील कोइराला, शेरबहादुर देउवा र रामचन्द्र पौडेलकाबिच संसदीय दलको नेता र प्रधानमन्त्री बन्ने भन्ने लडाइ चलेको थियो । जो इतिहासदेखिको सत्ता प्रवृत्तिको पनरावृत्ति थियो । पुरानो गल्ति दोहोर्‍याए काँग्रेसले अब पनि जनमाफि नपाउँला काँग्रेसलाई चेतना किन भएन !

**बीपीको प्रजातान्त्रिक समाजवादः**

बीपीको प्रजातान्त्रिक समाजवादको राजनीतिक कडी त्रिपक्ष राष्ट्रियता, प्रजातन्त्र र समाजवाद तीन सिद्धान्त थिए । नको समाजवाद मुख्य लक्ष्य नै समानता थियो । त्यो समानता राजनीतिक र आर्थिक समानता हुन् । राजनीतिक रुपमा बहु र व्यक्तिगत स्वतन्त्रता, मौलिक अधिकार, चुनाव, पार्टी र संगठन आदि प्रजातन्त्रको अभिन्न अंग ठाने बीपीले । आर्थिक समानताको लागि उत्पादन प्रणालीमा सुधार ल्याएर उत्पादन वृद्धिमा जोड दिएका थिए । सबैको चार कोठाको घर, एक हल गोरु, र एउटा दुहुनो गाई व्यवस्था बीपीको समाजवादको न्यूनतम परिपूर्तिको अवधारणा थियो । बीपीको प्रजातान्त्रिक समाजवादलाई वृहत् ढंगले लागु गरेको भए त्यो आदर्श र मूल्य मान्यतामा काँग्रेसको यात्रा कायम भएको भए सायद नेपालमा कम्युनिष्ट पार्टीहरु नै जन्मन्थेन होलाकि !

**वर्तमान द्वन्द्वको जात्राः**

जेन-जी प्रोटेष्टले ढलेको, जलेको र गलेको मुलुक यतिबेला थिलो थिलो रुपमा पिल्सिएको छ । होनाहार नौजवानको दर्जनौ र अरबौंको क्षतिले देश डुबिरहेको छ । मुलुकले यो दुर्दशा भोगाइको मर्म र भावना पूरा हुने छाँटकाँट छैन । यस्तो ऐतिहासिक नचिताएको राष्ट्रिय दुर्घटनाप्रति अरु लगभग सबै दलको सकरात्मक/नकरात्मक प्रष्ट धारणाहरु आए । तर नेपाली काँग्रेस जस्तो जिम्मेवार दलको यो घट्नाप्रति स्प्रष्ट धारणा आउन सकेन । यो उद्देकको कुरा हो । शोक र पीडामा डुबेको देशले उपचार खोजिरहेको बेला काँग्रेस यतिबेला झन महा रोगी छ र आफ्नै उपचारमा छ । 'कोहिलाई के धन्दा घर जुँवाइलाई खानको धन्दा' भने झैं काँग्रेसलाई गुट बलियोको, पदको, कुर्सीको, आफ्नो स्वार्थको आदि तुच्छ धन्दा चल्यो । महाधिवेशनको धन्दा चल्यो । सभापति र पदाधिकारी हडप्ने महायुद्धको गाइजात्रा चल्यो । नौटंकी चलिरह्यो । पार्टी कार्यालय तोडफोडसहित एउटै पार्टी होकि भिन्न हुन मेसोमेलो भएन । गोदागोद र हानाहान भयो । महाधिवेशन/विशेष अधिवेशन सार्ने र टार्ने मुद्दामा लडाइ चल्यो । सायद यो उनीहरुको प्रजातान्त्रिक वा लोकतान्त्रिक अभ्यास होला ! यस्तो विभाजित र लुछाचुँडीको भयावह लडाइको नतिजाको महाधिवेशन वा विशेष अधिवेशनबाट आउने परिणमले अर्थ के राख्ला ? यो दलको समस्या र द्वन्द्व समाधान होला कि झन विकराल ? अब जगजाहेर छ कि काँग्रेसलाई देशको पीडाको चिन्ता गर्ने मतलब,चासो र फुर्सद होला ?

गगन र विश्वले शासकीय, दलीय र संवैधानिक आयोगका सुधारको लागि ८ बुँदे जबरजस्ति प्रस्ताव पेस गरेको छ । ती सबै सैद्धान्तिक रुपमा सुन्दा ठिकै हो भन्ने खालका छन् । तर चलिरहेको संसदीय प्रणाली नै फेल खाइसकेको राज्यलाई पुरापुर उपचार कसरी गर्ने र विकल्पको उपाय भने केही उल्लेख छैन ।

# अदुवा हालिएको तातो पानीका फाइदाहरू

दिपु सिंह

अदुवा हाम्रो भान्सामा मात्र नभई परम्परागत औषधीय उपयोगमा पनि अत्यन्त महत्वपूर्ण मानिन्छ । यसलाई मसला, स्वादवर्धक तथा स्वास्थ्यवर्धक तत्वका रूपमा प्रयोग गरिन्छ ।

विशेषगरी तातो पानीमा अदुवा हालेर पिउनु स्वास्थ्यका दृष्टिले निकै लाभदायक मानिन्छ । यसले शरीरलाई भित्री रूपमा तताउने मात्र होइन, विभिन्न रोगहरूको जोखिम कम गर्न, रोगप्रतिरोधात्मक क्षमता बढाउन र पाचन प्रणालीलाई सुदृढ बनाउन मद्दत गर्छ । यहाँ अदुवा हालिएको तातो पानीका प्रमुख फाइदाहरू विस्तृत रूपमा प्रस्तुत गरिएको छ ।

**रोगप्रतिरोधात्मक क्षमता वृद्धि**

अदुवा एन्टिअक्सिडेन्ट र एन्टिब्याक्टेरियल गुणले भरिपूर्ण हुन्छ । तातो पानीमा यसको गुण अझ सक्रिय भएर शरीरमा पुग्छ ।

यसले रुघा-खोकी, घाँटी दुख्ने, ज्वरो जस्ता भाइरल रोगहरूबाट जोगाउँछ ।

नियमित सेवनले शरीरलाई संक्रमणसँग लड्ने क्षमता बढाउँछ, जसले विशेषगरी चिसो मौसममा स्वास्थ्यलाई मजबुत बनाउँछ ।

**तौल नियन्त्रणमा सहयोगी**

अदुवाले शरीरको मेटाबोलिज्म बढाउँछ । तातो पानीसँग यसको प्रयोग गर्दा शरीरले बोसो द्रुत रूपमा जलाउन थाल्छ ।

यसले भूख नियन्त्रण गर्ने क्षमता पनि राख्छ, जसले अत्यधिक खानाबाट बचाउँछ । बिहान वा दिउँसो अदुवा तातो पानी पिउनाले बिस्तारै तौल घटाउन मद्दत पुर्‍याउँछ ।

**रगतको सञ्चार सुधार**

अदुवा हालिएको तातो पानीले रगतको सञ्चारलाई सहज बनाउँछ । यसले रगतमा भएको जमावट कम गर्न मद्दत गर्छ ।

जसका कारण मुटुसम्बन्धी समस्या, स्ट्रोक, र उच्च रक्तचापको जोखिम घट्छ । चिसो मौसममा यसको सेवनले हात-खुट्टा चिसिनु वा सुनिनु जस्ता समस्या पनि कम हुन्छन् ।

**पाचन प्रणाली सुधार**

अदुवामा रहेको जिन्जेरोल र शोगोल नामक सक्रिय तत्वहरूले पेटमा रसको उत्पादन बढाउँछन् । यसले खाना सजिलै पच्न सहयोग पुर्‍याउँछ ।

तातो पानीसँग अदुवा मिसाउँदा पेट फुल्ने, ग्यास, अपच तथा पेट दुख्ने समस्या घट्छ । बिहान खाली पेट अदुवा हालिएको तातो पानी पिउनाले दिनभर पाचन राम्रो रहन्छ र कब्जियतको समस्या कम हुन्छ ।

**एन्टिइन्फ्लेमेटोरी (सुजन कम गर्ने) गुण**

अदुवामा प्राकृतिक एन्टिइन्फ्लेमेटोरी तत्वहरू हुन्छन्, जसले शरीरमा भएको सुजन, जोर्नी दुखाइ, आर्थराइटिस, र मांसपेशी दुखाइ कम गर्न मद्दत गर्छ ।

तातो पानीसँग सेवन गर्दा यो प्रभाव अझ बलियो हुन्छ, किनभने तातोपनले रक्तसञ्चार बढाउँछ र दुखाइ भएको भागसम्म औषधीय तत्व छिटो पुर्‍याउँछ ।

**चिसो मौसममा शरीर तताउने**

अदुवा प्राकृतिक रूपमा शरीरलाई तताउने गुण भएको जडीबुटी हो ।

तातो पानीमा हालेर पिउनाले भित्रबाट न्यानोपन महसुस हुन्छ । यो विशेषगरी हिउँद, वर्षात् वा चिसो मौसममा जाडो भगाउने घरेलु उपायका रूपमा प्रयोग गरिन्छ ।

**घाँटी दुखाइ र खोकीमा लाभकारी**

यदि घाँटी दुखेको, खोकी आएको वा घाँटीमा खरानी जमेको छ भने अदुवा हालिएको तातो पानी पिउनाले तुरुन्त राहत मिल्छ । अदुवाको एन्टिब्याक्टेरियल गुणले संक्रमण कम गर्छ र घाँटी सफा राख्छ ।

**मानसिक तनाव कम गर्ने**

अदुवा हालिएको तातो पानीको सुगन्ध र स्वादले दिमागलाई रिल्याक्स गराउँछ ।

यसमा भएको प्राकृतिक तत्वले स्नायु प्रणालीलाई शान्त राख्छ र मानसिक तनाव तथा चिन्ता घटाउँछ । बिहानको सुरुवात वा बेलुकाको आराम समय यसलाई पिउनाले दिनभरको थकान हटाउन मद्दत गर्छ ।

**छालाको स्वास्थ्य सुधार**

अदुवा तातो पानीसँग सेवन गर्दा शरीरमा भएको विषाक्त पदार्थ (Toxins) पसिनाबाट बाहिर निस्कन्छ । यसले छालामा चमक ल्याउँछ र मुहाँ, दाग, तथा अन्य छालासम्बन्धी समस्या कम हुन्छ ।

**डिटक्स (शरीर सफा गर्ने) प्रभाव**

अदुवाले शरीरभित्रको अनावश्यक बोसो, टक्सिन र हानिकारक पदार्थलाई बाहिर निकाल्ने गुण हुन्छ ।

तातो पानीमा मिसाउँदा यसको डिटक्स प्रभाव अझ बढ्छ । यसले मिर्गौला र कलेजोको कार्यसम्पादन सुधार गर्छ र सम्पूर्ण स्वास्थ्यमा सुधार ल्याउँछ ।

**सेवन गर्ने तरिका**

१. करिब २-३ टुक्रा ताजा अदुवा धुने र हल्का कुट्ने
२. १ गिलास तातो पानीमा राखेर ५-१० मिनेट छोड्ने
३. चाहिँमा मह वा कागती मिसाउन सकिन्छ
४. बिहान खाली पेट वा बेलुकी सुत्नु अघि सेवन गर्दा उत्तम परिणाम पाइन्छ ।

**सावधानीहरू**

अत्यधिक मात्रामा अदुवा सेवन गर्दा पेट जलन वा एसिडिटी हुन सक्छ ।

गर्भवती महिला, रक्त पातलो गर्ने औषधि खाने व्यक्तिले चिकित्सकको सल्लाह लिनु राम्रो ।

खाली पेटमा धेरै मात्रामा नखाने ।

स्वास्थ्य खबरबाट

# राष्ट्रियता बचाउन एमालेको सरकार : न्यौपाने

देवदह । राष्ट्रियता बचाउन नेकपा एमालेको सरकार आवश्यक रहेको एमालेका केन्द्रीय सदस्य दधिराम न्यौपानेले बताएका छन् ।

उनले देशको समृद्धि, सुशासन र अग्रगमनको लागि एमालेका उम्मेदवारलाई जिताउनु पर्नेमा जोड दिए । नेकपा एमाले देवदह नगरपालिका-५, ७, ८ र ९ को विस्तारित भेलालाई सम्बोधन गर्दै उने उक्त कुरा बताएका हुन् ।

नेकपा एमालेको तर्फबाट रूपन्देहीको क्षेत्र नम्वर १ को उम्मेदवार समेत रहेका नेता न्यौपानेले नेकपा एमालेको सरकारले मात्र सुकुम्बासी समस्या समाधान गर्ने बताए ।

उनले फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा रूपन्देहीको ५ वटै निर्वाचन क्षेत्रमा एमालेका उम्मेदवारीले जित हासिल गर्ने दाबी गरे । उनले गत भदौ २३ र २४ गते आन्दोलन नभई बिध्वंश भएको बताउँदै देशलाई बिखण्डन गर्न देशी विदेशी शक्ति लागिरहेको बताए । क्षेत्रीय इञ्चार्ज समेत रहेका नेता न्यौपानेले उमेर समूहले मात्र परिवर्तन हुन नसक्ने बताउँदै त्यसको लागि विचार आवश्यक रहेको औल्याए ।

उनले नेकपा एमालेको उम्मेदवारलाई जिताउनको लागि पार्टीका कार्यकर्ताहरू एकताबद्ध भएर लाग्न आग्रह गरे ।

शाखा कमिटीको विस्तारित भेलाले निर्वाचन परिचालनसंगै विभिन्न जिम्मेवारी समेत बाँडफाँट गरिएको सो पार्टीले जानकारी दिएको छ । विस्तारित भेलाले निर्वाचन परिचालन, युवा परिचालन, विद्यार्थी परिचालन, महिला परिचालन, कार्यालय व्यवस्थापन, जनप्रतिनिधि समन्वयलगायतका विभिन्न उप-समिति गठन गरिएको पार्टीका नगर सचिव गणेश डुम्रेले जानकारी दिए । विस्तारित बैठकमा पार्टीका केन्द्रीय अनुसासन आयोगका सदस्य डा. कृष्णप्रसाद न्यौपाने, क्षेत्रीय निर्वाचन परिचालन कमिटीका संयोजक प्रकाश अर्याल, हरि पाण्डे, खेमप्रसाद पाण्डे, दिलबहादुर सिंजाली, रेनुका पाण्डे, गिता सापकोटा लगायतले आ-आफ्ना सुझावहरू राखेका थिए ।

देवदह-५, को शाखा कमिटी अध्यक्ष चक्रपानी न्यौपानेको अध्यक्षता, ७, को शाखा कमिटी अध्यक्ष रिता थापा, ८, को शाखा कमिटी अध्यक्ष लेखनाथ भट्टराईको अध्यक्षतामा विस्तारित बैठक सम्पन्न भएको थियो ।

# व्यापार संघमा पोल्ट्रीजन्य वस्तुगत उप-समिति गठन

बुटवल । आफ्नो वार्षिक कार्यतालिका अन्तरगत रूपन्देही व्यापार संघले आफूसँग आबद्ध विभिन्न प्रकृतिका व्यवसाय सञ्चालन गर्ने व्यवसायी सदस्यहरूलाई गोलबन्द गर्ने लक्ष्यअनुसार वस्तुगत भेलालाई तीव्रता दिएको छ । यसैक्रममा बुधबार संघमा पोल्ट्रीजन्य व्यवसायीहरूको भेला सम्पन्न भएको छ । संघको सचिवालयमा सम्पन्न उक्त भेलाले रमेश भुसालको संयोजकत्वमा १५ सदस्यीय पोल्ट्रीजन्य वस्तुगत उपसमिति गठन गरेको छ ।

पोल्ट्रीजन्य वस्तुगत उपसमितिको सह-संयोजकमा रमेश आचार्य, सचिवमा हरि बसेल, कोषाध्यक्षमा रविन खरेल, सह-सचिवमा कमल बस्याल, सदस्यहरू रेखा जि.सी., खिमानन्द गैरे, डोलबहादुर सारू, मधुसुदन बस्नेत, अनिल पाण्डे, सागर घिमिरे, रूद्र आचार्य, राज शर्मा (रञ्जित), राजु खड्गी, मनिस राना र सल्लाहकारहरू जीवनारायण घिमिरे (जीवन), गोविन्द खड्का, रामबहादुर खत्री, टंकप्रसाद पन्थ, लक्ष्मणप्रसाद श्रेष्ठ, प्रदिप कुँवर, सन्तोष कार्की, प्रकाश श्रेष्ठ, रोहित भुसाल, हिमलाल पन्त, युवराज पन्त, प्रकाश भण्डारी रहेका छन् ।

भेलामा बोल्दै कार्यक्रमको प्रमुख अतिथि संघका अध्यक्ष प्रकाश ढकालले संस्थागत हित र संस्थाको सुदृढिकरणका लागि सबैको भूमिका महत्वपूर्ण हुने भन्दै सबैलाई जिम्मेवार भएर पेशा व्यवसाय सञ्चालन गर्न आग्रह गरे । उनले एकताबद्ध अभियान र सांगठनिक सहकार्यबाटै समस्याहरूको समाधान हुने बताउँदै व्यवसायको सफलताको समेत शुभकामना दिए ।

कार्यक्रममा संघका सह-सचिव एवं वस्तुगत उप-समितिका संयोजक नलराज नेपालले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पारेका थिए भने कार्यसमिति सदस्य मिनप्रसाद नेपाल (बिमल)ले आफ्नो कार्यकालको प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रममा नवनिर्वाचित संयोजक रमेश भुसालले आफ्नो कार्यकालमा रचनात्मक क्रियाकलापहरू साथै व्यावसायिक गतिविधिहरूमार्फत् संघलाई थप उचाईमा पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेका थिए ।

यस्तै कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष दयानिधि भण्डारी, द्वितीय उपाध्यक्ष मनहरि बस्याल, महासचिव प्रकाशराज पौडेल, कोषाध्यक्ष अर्जुनप्रसाद भट्टराई, सह-कोषाध्यक्ष जीवनारायण घिमिरे (जीवन), कार्यसमिति सदस्य मनिराम खनाल (मणि), माधवप्रसाद ज्ञवाली, मुरारीराज भण्डारीलगायतले उपसमितिको सकृयता र क्रियाशिलताले संघको गतिविधि आम उपभोक्ता तथा व्यवसायीमा पुग्ने हुँदा अघिल्लो कार्यकालमा भएका कामभन्दा अझ उत्कृष्ट काम गर्न सुझाव दिए ।

कार्यक्रम संघका कार्यसमिति सदस्य मिनप्रसाद नेपालको अध्यक्षता र पोल्ट्रीजन्य वस्तुगत उप-समितिका सचिव प्रकाश भण्डारीको सञ्चालनमा सम्पन्न भएको थियो ।

# संघ र प्रदेशका सांसद संख्या घटाउन दलहरूलाई सुझाव



बुटवल । नागरिक समाजका संघसंस्थाहरूले संसद र प्रदेशसभामा सदस्य संख्या घटाउने गरी घोषणापत्र तयार गर्न राजनीतिक दलहरूलाई सुझाव दिएका छन् ।

बुधबार पत्रकार सम्मेलन गरी १६ वटा सामाजिक संघसंस्थाहरूले सामूहिक रूपमा दलहरूले घोषणापत्रमा समेटिनुपर्ने विषयका बारेमा सुझाव दिएका हुन् ।

राजनीतिक दलहरूलाई घोषणापत्रमा नागरिक अधिकार, सामाजिक न्याय, सुशासन, आर्थिक समृद्धि र समावेशितासँग प्रत्यक्ष सम्बन्धित विषय समावेश गर्न उनीहरूले अपिल गरेका छन् ।

आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा निर्वाचन, २०८२ लाई केवल नियमित निर्वाचन नभई लोकतन्त्रको दिशा तय गर्ने ऐतिहासिक अवसरको रूपमा लिन नागरिक समाजले राजनीतिक दलहरूलाई आग्रह गरेको छ ।

आर्थिक विकासका लागि रोजगारी सिर्जना, नवप्रवर्द्धन, प्रविधिमैत्री उद्योग, स्वदेशी उत्पादन प्रवर्द्धन, कृषि सुधार, साना व्यवसाय र स्थानीय उत्पादनलाई प्रोत्साहन तथा गरिबी निवारणका लागि कार्यान्वयनयोग्य योजना र बजेट सुनिश्चित गर्न आग्रह गरिएको छ ।

संविधान गतिशील दस्तावेज भएकाले लोकतन्त्रको गुणस्तर सुधार, संघीयताको सुदृढीकरण र नागरिक जीवनसँग जोडिएका समस्या समाधानका लागि संशोधन आवश्यक रहेको गैरसरकारी संस्था महासंघका अध्यक्ष अर्जुन भट्टराईले बताए ।

संसद र प्रदेशसभामा सदस्य संख्या घटाउने, राष्ट्रियसभालाई समावेशी र विज्ञमूलक बनाउने तथा प्रदेश र स्थानीय तहलाई अधिकार सम्पन्न बनाउने विषयमा प्राथमिकता दिन उनले माग गरे । संविधान जारी भएको एक दशक बितिसक्दा पनि मौलिक हक, सामाजिक-आर्थिक अधिकार र सुशासनको प्रभावकारी कार्यान्वयन हुन नसकेको उनको भनाइ छ ।

वैदेशिक सहयोग र ऋणसम्बन्धी नीतिमा पारदर्शिता अपनाउँदै उत्पादनमूलक र नागरिकको जीवनस्तर उकास्ने क्षेत्रमा मात्र प्रयोग गर्न उनले आग्रह गरे ।

सशर्त ऋण निरूत्साहित गर्दै अनुदानलाई प्राथमिकता दिन तथा विप्रेषणमा आधारित अर्थतन्त्रलाई स्वदेशी पुँजी निर्माणमार्फत आत्मनिर्भरतातर्फ लैजान स्पष्ट नीति आवश्यक रहेको उनले बताए ।

उनले भने-'संसद र प्रदेशसभामा सदस्य संख्या घटाउने, राष्ट्रिय सभामा पूर्ण समानुपातिक र समावेशी तथा विज्ञहरूको प्रतिनिधिमूलक बनाउने, संसद्लाई नीति निर्माणमा जवाफदेहि र उत्तरदायी बनाउने, संघीयताको कार्यान्वयनको सन्दर्भमा संविधानले तोकेका अधिकारको प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण गर्ने र अधिकार सम्पन्न बनाउने विषयमा प्राथमिकता दिन हार्दिक अपिल गर्दछौं ।'

नागरिक समाजले सार्वजनिक सेवालाई प्रविधिमैत्री, पारदर्शी र सेवाग्राही केन्द्रित बनाउन कर्मचारीतन्त्रमा संरचनात्मक सुधार, युवाको सीप र क्षमताको उपयोग, निजी, सहकारी र सामाजिक क्षेत्रको परिचालनमार्फत् रोजगारी सिर्जनामा जोड दिएको छ ।

सुशासन र भ्रष्टाचार नियन्त्रणका लागि शुन्य सहनशीलता नीति, डिजिटल सेवा प्रवाह, नीति तथा बजेट निर्माणमा नागरिक सहभागिता, प्रभावकारी अनुगमन प्रणाली र संघीय संरचनाको पारदर्शिता घोषणापत्रमा समावेश गर्न आग्रह गरिएको छ । शिक्षा र स्वास्थ्यलाई आधारभूत रूपमा निःशुल्क र अनिवार्य बनाउने, सार्वजनिक शिक्षाको गुणस्तर सुधार, सीपमूलक शिक्षा प्रवर्द्धन, ग्रामीण क्षेत्रमा सेवा सुदृढीकरण, बालविवाह र महिलामाथि हिंसा अन्त्य गर्न घोषणापत्रमै स्पष्ट प्रतिवद्धता माग गरिएको छ ।

निर्वाचन खर्च र सम्पत्ति पारदर्शिताका लागि उम्मेदवारको छुट्टै बैंक खाता, नगद कारोबार निषेध, सम्पत्ति विवरण सार्वजनिक गर्ने व्यवस्था र राजनीतिक दलका आमसभा तथा चुनावी कार्यक्रमको खर्च विवरण तत्काल सार्वजनिक गर्नुपर्ने अपिल गरिएको छ ।

घोषणापत्रलाई प्रतिबद्धतामूलक र कार्यान्वयनयोग्य बनाउन आग्रह गरेको छ । जल, जमिन, जंगल र वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुल नीति, विपद् जोखिम न्यूनीकरण र हरित ऊर्जासम्बन्धी ठोस योजना घोषणापत्रमा समावेश गर्नुपर्ने सुझावमा उल्लेख छ ।

### अविश्रान्त...

अग्रज पत्रकार चापागाईंले सामाजिक रुपान्तरण, लोकतन्त्रको स्थापनाको लागि निरन्तर संर्घषशील भट्टराईको जीवन सम्झन लायक रहेको बताए ।

भट्टराईकी श्रीमती मैया भट्टराईको निधन एक वर्ष अघि भएको थियो । उनको एक महिनाअघि उनको वार्षिकी फरक ढंगले मनाइएको थियो । मैया पनि नेपालको राजनीतिक परिवर्तन, वामपन्थी आन्दोलन र महिला सशक्तीकरणमा जीवनपर्यन्त क्रियाशील थिइन् ।

परम्परागत दानपूजा र भोजभतेर नगरी श्रीमतीको योगदानलाई संस्थागत गर्न भट्टराईले ७ लाख ५० हजार रुपैयाँको 'मैया-राम प्रतिष्ठान' अक्षयकोष स्थापना गरेका छन् । श्रीमतीको स्मृति र आफ्नो सम्मानमा आफन्तहरूको सहयोगमा स्थापित प्रतिष्ठानले यस वर्षको पहिलो पुरस्कार रूपन्देहीको राजनीतिक आन्दोलनकी परिचित पात्र विन्दुदेवी लोधलाई प्रदान गरेको थियो ।

पञ्चायती कालमा राजनीतिक सेल्टर दाताका रूपमा चिनिने क्रान्तिकारी योद्धा झ्याउल लोधकी श्रीमती विन्दुदेवी हाल बिरामी भई अस्पतालमा उपचाररत छन् । तराईको कठिन परिस्थितिमा राजनीतिक चेतना जगाउन उनले खेलेको भूमिका र दलहरूले गरेको उपेक्षालाई मध्यनजर गर्दै उनलाई सम्मान गरिएको थियो ।

सो अवसरमा श्रीमतीको सम्झनामा भट्टराईले वाचन गरेको कविताले सहभागीहरूलाई भावुक बनाएको थियो । 'मैयाको अदम्य साहसकै कारण म राजनीति र साहित्यमा अघि बढ्न सफल भएँ । उनी भौतिक रूपमा नरहे पनि उनको कर्म हामीमाझ जीवित छ ।'–उनले भनेका थिए ।

उनले छन्दमा कविता सुनाउँदा हलमा उपस्थित सबैका आँखा रसाए ।

*आधा अंग गयो मेरो, यो आधा अंग बाँकी छ*
*अपाङ्ग भई जिउने जीवन अझै कति बाँकी छ ?*

*आमाको दूधको भारा अझैं त्यही तिर्न बाँकी छ*
*आमाकै निम्ति जिउने दिन कति दिन अझैं बाँकी छ ?*

*मैया हुन् देशकी दुर्गा सबैको आफ्नो बन्न खोजिन्*
*वर्गसंघर्षकी साँच्चै अर्धाङ्गिनी बनिन्*

*जे देखिन सपना उनले त्यो पूरा गर्न बाँकी छ*
*अँधेरा झुपडीभित्र उज्यालो छाउन बाँकी छ*

*हुस्यू हटेर हाँसेजस्तो नेपाल हेर्न बाँकी छ*
*हुस्यू भई बसेका नेपालीको अनुहार फेर्न बाँकी छ*

*त्यो पूरा गर्नु नै पीण्डदान हुनेछ ।*
*अहिलेलाई हार्दिक श्रद्धासुमन ॥*

कविता वाचन गर्दा सधैँ उनले धेरैलाई कहिले जुरुक्क उचाल्ने त कहिले भावुक बनाएर आँशु खसाल्ने बनाए । अब यो समाजमा भट्टराईको रिक्तता सधैँ रहिरहने छ । हार्दिक श्रद्धाञ्जली जनकवि रामचन्द्र भट्टराई ।

### युवालाई...

ओलीले थप भनेका छन् ।

आफ्नो राजीनामापछि नै सिंहदरबार, राष्ट्रपति भवन सर्वोच्च अदालतलगायत सबै धरोहरहरू जलाइएको उनको भनाइ छ । उनले खुला रूपमा कुनै पनि मञ्चमा बसेर आफू यसबारे जवाफ दिन तयार रहेको पनि बताएका छन् ।

'म खुला रूपमा कुनै पनि मञ्चमा बसेर उत्तर दिन तयार छु ।'- ओलीले भनेका छन् ।

ओलीले अन्तिममा थप प्रश्न गरेका छन्-'माइतीघरको शान्तिपूर्ण प्रदर्शनबाट ती युवाहरूलाई संसद भवनजस्तो कानुनले बल प्रयोग गर्नै पर्ने ठाउँतर्फ कसले, किन र कसरी लग्यो ? यो प्रश्नको पनि जवाफ खोज्नुहोला ।'

## माइग्रेसन सर्टिफिकेट हराएको सूचना

मेरो निम्न विवरण भएको NEB को माइग्रेसन सर्टिफिकेट यही मिति २०८२।१०।१० गते भैरहवाबाट बुटवल जाँदै गर्दा हराएकोले भेटाउनु भएमा निम्न ठेगानामा खबर गरिदिनुहुन वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनुहुन अनुरोध गर्दछु ।

| | |
|---|---|
| नामः | कमल पौडेल |
| ठेगानाः | बुटवल, देविनगर |
| रजिष्ट्रेशन नम्बरः | 795490800331 |
| फोनः | ९७४६४०७४३३ |

## ECHS कार्ड हराएको सूचना

मेरो निम्न विवरण भएको इन्डियन आर्मीको ECHS कार्ड २०८२।०९।१० गते बुटवल बेलबासदेखि कपिलवस्तु जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ ।

| | |
|---|---|
| **नामः** | : **विष्णु खत्री** |
| **ठेगानाः** | : **बुटवल-१३, बेलबास, रुपन्देही** |
| **DOB** | : **20 Jan.1975** |
| **DOM** | : **01 Apr. 2025** |
| **ECHS कार्ड नं.** | :**NE 0000 0913 8840** |
| **मोबाईल नंः** | : **९८४७१०९९७०** |

## Siyari Rural Municipality
### Office of the Rural Municipal Executive
**Harniya ,Rupandehi**

## Invitation for Online Bids

IFBNo:-08/IFB/SRM/2082-083

Date of Publication: January 29, 2026 (2082-10-15)

1.Siyari Rural Municipality Harnaiya, Rupandehi invites online bids From the Eligible Bidders for the Procurement of following Works under National Competitive bidding procedure :

| S. N. | Invitation for bid No. | Procurement Detail | Bid security amount NRS/ Validity Period | Estimated amount NRS (Exclusive of VAT and Contingencies) | Bid document fee NRs |
|---|---|---|---|---|---|
| | 22/NCB/ WORKS /SRM/2082 -083 | Chilliyachauki dekhi kunjaban khusumgadai sadak kalopatre &Amuwa dekhi piparaiya bato kalopatre. | 115,000 / 120 days | 39,79,175.30 | 3,000.00 |
| | 23/NCB/ WORKS /SRM /2082-083 | Infrastructure Development of Public NamunaMa.Vi. Building, Siyari 04 Rupandehi | 85000/ 120 days | 30,39,865.63 | 3,000.00 |

| **Account No. For Bid Document Purchase Fee:** | **Account No. For Bid Security Deposit:** |
|---|---|
| Bank Name:NIC Asia Bank Ltd., Harnaiya Rupandehi<br>Account No.:00932050014941013<br>Account Name:GA-1.1-ANTARIK RAJESHO KHATA-SIYARI GAUNPALIKA | Bank Name:NIC Asia Bank Ltd., Harnaiya Rupandehi<br>Account No.: 00932050014941012<br>Account Name: GA-3-DHARAUTI KHATA-SIYARI GAUNPALIKA |
| **Deadline of Bid Submission:**<br>March 01, 2026 (2082/11/15) till 12:00 | **Date and Time of Bid Opening:**<br>March 01, 2026 (2082/11/15) 14:00 |

2. Eligible builders may obtain further information and inspect the bidding document at the office of Siyari Rural Municipality or may visit PPMO website www.bolpatra.gov.np/egp

Chief Administrative Officer

**लुम्बिनी प्रदेश सरकार**
**उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय**
**भूमिगत जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, रुपन्देही**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशन मितिः २०८२/१०/१५)

यस कार्यालयको मिति २०८२/०८/१९ र २०८२/०८/२९मा प्रकाशित सूचना अनुसार E–bid मार्फत प्राप्त भएका बोलपत्रहरुको प्राविधिक मुल्यांकनबाट सारभूत रुपमा प्रभावाग्राही बोलापत्रहरु मध्ये तपशिलमा उल्लेखित निर्माण व्यवसायीले कबोल गरेको बोलपत्र न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही भै स्वीकृतिको लागी छनौट भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ अनुसार स्वीकृतिको लागि छनौट भएको हुदा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न. | ठेक्का नं. | स्विकृतीका लागि छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक (पि.एस. र मु.अ.कर. सहित) |
|---|---|---|---|
| १ | GWRIDD/SYSTEM /NCB/03/2082-83 | श्री Asha Construction, Janaki-03,Banke | रु. २,२२०,१३८।०३(अक्षरुपि बाइस लाख बीस हजार एक सय अडतीस रुपैया, तीन पैसा मात्र) |
| २ | GWRIDD/SYSTEM /NCB/04/2082-83 | श्री Bist Construction, Dhangadhi,Kailali | रु. २,९६२,५५८।९९(अक्षरुपि उनन्तीस लाख बैसट्ठीहजार पाँच सय अन्ठाउँन्न रुपैंया, उनान्सय पैसामात्र) |
| ३ | GWRIDD/SYSTEM /NCB/05/2082-83 | श्री Bist Construction, Dhangadhi,Kailali | रु.३,२८५,३४२।३३(अक्षरुपि बतीस लाख पचासी हजार तीन सय बयालिस रुपैंया, तेतीस पैसामात्र) |
| ४ | GWRIDD/SYSTEM /NCB/06/2082-83 | श्री Bist Construction, Dhangadhi,Kailali | रु. १,५३७,९६१।०६(अक्षरुपि पन्ध्र लाख सैतिस हजार नौ सय एकसट्ठी रुपैंया, छ पैसामात्र) |
| ५ | GWRIDD/SYSTEM /NCB/07/2082-83 | श्री Srawan Nirman Sewa, Dhangadhi-03, Kailali | रु. ९९९,२५४।३१(अक्षरुपि नौ लाख उनान्सय हजार दुई सय चौवन्न रुपैंया, एकतीस पैसामात्र) |
| ६ | GWRIDD/SYSTEM /NCB/08/2082-83 | श्री Asha Construction, Janaki-03,Banke | रु.१,१८७,९४३।६३(अक्षरुपि एघार लाख सतासी हजार नौ सयत्रिचालिसरुपैंया, त्रिसट्ठी पैसामात्र) |
| ७ | GWRIDD/STW/NCB /10/2082-83 | श्री Asha Construction, Janaki-03,Banke | रु.२,९०८,५७४।१५(अक्षरुपि उनन्तीस लाख आठ हजार पाँच सय चौहत्तर रुपैंया, पन्ध्र पैसामात्र) |

डिभिजन प्रमुख

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**
बुटवल–१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# राष्ट्रिय जनमोर्चाको घोषणापत्र सार्वजनिक

## सङ्घीयता खारेज तथा सबै तहका भ्रष्टाचारको छानबिन र कारबाही पहिलो प्राथमिकता छ।

**लुम्बिनी संवाददाता**

*बुटवल*

राष्ट्रिय जनमोर्चाले आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनको घोषणापत्र सार्वजनिक गरेको छ। बुटवलमा पत्रकार सम्मेलन गरी राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीलगायतका नेताले घोषणापत्र सार्वजनिक गरेका हुन् । घोषणापत्रमा तीन तहको संघीयता देशको आर्थिक अवस्थाले धान्न नसक्ने भन्दै प्रदेश तह खारेज गरी त्यसमा हुने खर्च शिक्षा र स्वास्थ्यमा लगानी गरिने घोषणापत्रमा उल्लेख छ । शिक्षा र स्वास्थ्य पूरै निशुल्क गरिने उल्लेख छ।

यस्तै सबैभन्दा गम्भीर समस्या भ्रष्टाचार भएको र यो राजनीतिक वृत्तदेखि पूरै प्रशासन यन्त्रमा व्याप्त रहेकाले देशको सम्पूर्ण अर्थतन्त्रमा आंच पुगेको र देशको दिगो विकासमा पनि बाधा पुगेको उल्लेख छ। उच्चस्तरीय शक्तिशाली आयोगको गठन गरेर सबै तहका भ्रष्टाचारबारे निष्पक्ष छानबिन र कारबाही गरिनुपर्ने घोषणापत्रमा उल्लेख छ।

राष्ट्रिय तथा साना उद्योगहरूको विकासका लागि विदेशी प्रतिस्पर्धाबाट संरक्षण, विदेशी र दलाल पुंजीलाई निरूत्साहित गर्नुपर्ने, नेपालको अर्थतन्त्रको प्रमुख आधार कृषि भएकाले कृषिमाथिको सामन्ती स्वामित्व र सामन्ती अवशेषहरूको अन्त हुने गरी भूमिसुधार गरिनुपर्ने, हदभन्दा बढीको जग्गा बिना मुआब्जा अधिग्रहण गरी भूमिहीन वा सुकुम्बासी किसानहरूलाई वितरण गरिनुपर्ने राजमोको घोषणापत्रमा उल्लेख छ । कृषिको वैज्ञानिकरण र आधुनिकीकरण गरिनुपर्ने, बाली र चौपायामा हुने क्षतिको बिमा हुनुपर्ने, सहकारी खेतीलाई प्रोत्साहन, कृषकलाई पर्याप्त अनुदान र मल तथा बिउ बिजनको सुलभ व्यवस्था, नेपालका कृषि उत्पादनहरूको बजारमा असर पार्ने प्रकारका विदेशी उत्पादनहरूमाथि रोक लगाइने, विदेशबाट आउने कृषिजन्यवस्तुको विषादीको परीक्षणको कडा व्यवस्था गरिने घोषणापत्रमा उल्लेख छ।

मिटरव्याजी तथा विभिन्न लघुवित्तीय संस्थाबाट किसानमाथि व्याजका नाममा भइरहेको शोषणको अन्त्य, गरिब किसानले विभिन्न बैङ्क वा वित्तीय संस्थाबाट लिएको ऋण मिनाहा गरिने घोषणापत्रमा उल्लेख छ।

यस्तै पर्यावरण अहिले सम्पूर्ण विश्व र नेपालको पनि गम्भीर समस्या बनेकाले त्यसबाट पुग्ने प्राकृतिक वा मानवीय क्षतिलाई रोक्न प्राकृतिक वातावरण संरक्षणमा जोड, बालुवा, गिटी, माटो, चुनढुङ्गा आदिको जथाभावी उत्खनन् नियन्त्रण, विकासको नाममा अधिकतम प्रकृति विनाश गर्ने र वातावरणीय प्रभाव मूल्याङ्कन नगर्ने कार्यलाई कडाइपूर्वक नियन्त्रण, सहकारी क्षेत्रमा भएको ठगी र आर्थिक अनियमिततालाई अन्त्य गर्न कानुनमा संशोधन र सुधार गरिने, सहकारि ठगी र अनियमिततामा संलग्नको पूरै जायजेथा सम्पत्तिको छानबिन र जफत गरेर पीडितलाई क्षतिपूर्ति दिने घोषणापत्रमा उल्लेख छ।

विकेन्द्रित र सन्तुलित विकास नीति, लुम्बिनी, तिलौराकोट, देवदह र रामग्रामलाई मिलाएर बौद्ध पुरातात्विक सहरको निर्माण, नेपालको जलस्रोतमाथि विदेशीराष्ट्र वा कम्पनीहरूले एकाधिकार कायम गर्दै गएको हुनाले त्यसलाई अन्त्य गरी नेपालको जलसम्पदाको समुचित विकास गर्ने, विद्युत्बाट मुलुकमा आवश्यक इन्धनको आपूर्ति र औद्योगीकरणमा जोड दिने घोषणापत्रमा उल्लेख छ।

विदेश नीति नेपालको राष्ट्रियता, सार्वभौमिकता र स्वतन्त्रताका पक्षमा पारस्परिक हित, समानता र सम्मानका आधारमा बैदेशिक सम्बन्ध तथा सन्धि हुने प्रकारको बनाउने, सन् १९५० लगायतका असमान सन्धिसम्झौता खारेज, एमसिसी सम्झौता खारेज, २०६४ सालमा जन्मको आधारमा गैरनेपालीले प्राप्त गरेका नागरिकता छानबिन गरी खारेज, अङ्गीकृत नागरिकताप्राप्त व्यक्तिलाई राज्यको प्रमुख पदमा लैजान नपाइने व्यवस्था घोषणापत्रमा उल्लेख छ।

कालापानीबाट भारतीय सेना फिर्ता, नेपालको विभिन्न स्थानमा भारतद्वारा अतिक्रमित भूमि फिर्ता, नेपाल-भारत खुला सीमाको व्यवस्थापन, विदेशी सेनामा नेपालीको भर्तीमाथि प्रतिबन्ध घोषणापत्रमा उल्लेख छ।

मजदुरको हकहितको रक्षाका लागि आवश्यक कानुन निर्माण र ट्रेड युनियनको अधिकार सुनिश्चित, नो वर्क नो पेको गलत नीति खारेज, प्रतिवर्ष श्रमबजारमा आउने लाखौ जनशक्तिलाई रोजगारका लागि आवश्यक व्यवस्था मिलाउन गुरुयोजना निर्माण, बेरोजगारलाई भत्ताको व्यवस्था, गुणस्तरीय स्वास्थ्य सेवालाई पूरै निःशुल्क गरिनु पर्ने, प्रदेश तह खारेज गरेर गरेर त्यसमा खर्च भइरहेको अनावश्यक रकममा हुने बचतबाट स्वास्थ्यलाई पूरै निःशुल्क गरिने घोषणापत्रमा उल्लेख छ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीलाई भत्ताको व्यवस्था, मानव विकास सूचकाङ्कका दृष्टिले धेरै पछाडि परेका, पिछडिएका क्षेत्रका जनतालाई गरिब घरपरिवारलाई राष्ट्रिय परिचय पत्र प्रदान गरी संरक्षण गर्ने, एकल महिलालाई जीवन धान्न सक्ने गरी अहिले उपलब्ध गराइएको भत्तामा वृद्धि ,५ वर्षभन्दा माथिका र १२ वर्षमुनिका बालबालिकालाई बससहित सबै यातायातका साधनमा आधा भाडा छुट,जेष्ठ नागरिकहरूको आवास जीवन निर्वाह र स्वास्थ्य समेतको पूरै जिम्मा सरकारले लिनुपर्ने, लैङ्गिक हिंसा अन्त्य, राज्यका सबै अङ्गमा समावेशी समानुपातिक आधारमा प्रतिनिधित्वको व्यवस्था, सम्पत्तिमा समान अधिकार सुनिश्चितता, विद्यार्थीहरूका लागि निःशुल्क पोषणयुक्त खाजाको व्यवस्था, फरक क्षमता भएका व्यक्तिहरूको हकहित र सामाजिक सम्मानको रक्षाका लागि आवश्यक कानुन निर्माण, महिला र दलितको सुरक्षित प्रतिनिधित्वका लागि उनीहरूका बेग्लाबेग्लै आरक्षित निर्वाचन क्षेत्रको व्यवस्था,नेपाली मतदाताले देशको जुन भागमा बसेको भए पनि आफू बसेको ठाउँबाट समानुपातिकतर्फ मतदान दिने व्यवस्था, एकीकृत बस्ती विकास, दुर्गम गाउँमा सुपथ मूल्यका पसल, बौद्धिक जनशक्ति पलायनमाथि रोक, न्यायालयको अवस्थामा सुधार, प्रवासी नेपालीहरूलाई मताधिकार, नेपाललाई विदेशी ऋणको दुष्चक्रबाट मुक्त गरिनुपर्ने राजमोको घोषणापत्रमा उल्लेख छ।

घोषणापत्र सार्वजनिक गर्दै राजमो अध्यक्ष केसीले रास्वपालाई लक्षित गर्दै नयाँ जोगीहरूले मतदातालाई भ्रममा पारेका आरोप लगाए । नयाँ रूपमा आएका उनीहरूका भ्रमबाट मतदातालाई सचेत बनाउनु पर्ने केसीको आग्रह छ । राष्ट्रियता कमजोर भएको उल्लेख गर्दै युक्रेन र जर्मनको उदाहरण दिँदै केसीले मत हाल्दा देशलाई सम्झेर मतदान गर्न आग्रह गरे।

मुलुकको यो अवस्था आउनुमा मतदाता पनि दोषी रहेको तर्क गर्दै केसीले भ्रष्टाचार गर्ने दलहरूलाई जनताले जिताएकाले यो अवस्था आएको बताए। नेतृ दुर्गा पौडेलले नयाँ भन्दैमा नहुने भन्दै सहकारी ठगी, भदौ २४ को विध्वंस गर्नेहरू नयाँ हुन् कि को नयाँ हुन् राम्ररी चिनेर मात्र मतदान गर्नु पर्ने आग्रह गरिन्।

राजमोले प्रत्यक्षतर्फ ७० जना र समानुपातिकमा ११० जना उम्मेदवार बनाएको छ।

# चापाकोट टार सिँचाइ आयोजना व्यवस्थित बन्दै



**प्रकाश डोटेल**

*स्याङ्जा*

पहाडी जिल्लाअन्तर्गत सम्भवत नेपालकै ठूलो 'चापाकोट टार सिँचाइ आयोजना'को नहर व्यवस्थित बन्दै गएको छ । पहाडी भूवनोटमा करिब ३२ वर्षअघि बनेको नहर वर्षेनी पहिरोको चपेटामा परेसँगै हजारौं कृषक प्रभावित बन्दै आएका थिए। सरकारले पछिल्ला वर्षमा बजेट सुनिश्चिता गरेपछि नियमित मर्मत सम्भार भएसँगै नहर व्यवस्थित बन्दै गएको हो।

स्याङ्जाको चापाकोट नगरपालिका-४ मल्याङकोटस्थित दार्सिङ्गमा बाँधस्थल रहेको नहर सञ्चालनमा आएपछि नै पहिरोको चपेटामा पर्दै आएको थियो । २७ किलोमिटर लामो नहरको दर्जनौ ठाउँमा हुने अतिभूक्षयको रोमथाम र बाँधस्थल दार्सिङ्गबाट ६ किलोमिटर नजिक भुङ्गदीको मुख्य चट्टानी पहाडमा पहिरो नियन्त्रणको दिगो व्यवस्थापन भएपछि नहर व्यवस्थित बन्दै गएको छ।

नहरबाट चापाकोट नगरपालिका वडा नं.-२, ३, ४, ८, ९ र १० का झण्डै ८८५ हेक्टर खेतीयोग्य जमिन सिँचाइ सुविधा पुगेको छ । गत आर्थिक वर्ष २०८१/८२ सरकारले नहर मर्मतका लागि तीन करोड विनियोजन गरेको थियो । विनियोजित बजेटले भुङ्गदीको भिरालो पथ्थरसहितको कडा भू-भागमा ढलान गरेपछि पहिरो प्रभावित क्षेत्रको भूक्षय रोकिएको चापाकोट टार सिँचाइ आयोजना जलउपभोक्ता समितिका अध्यक्ष कृष्ण सुवेदीले बताए।

नियमित रूपमा मर्मतसम्भारको काम हुँदै आएपनि मुख्यगरी बढीमात्रामा पहिरो जाने क्षेत्रको दिगो व्यवस्थापन भएपछि नहर व्यवस्थित बनेको हो । चालु आर्थिक वर्ष २०८२/८३ मा पहिरो नियन्त्रण र नियमित मर्मतका लागि संघीय सरकारबाट एक करोड र प्रदेश सरकारबाट २० लाख छुट्टाएर काम भइरहेको समितिले जनाएको छ । मर्मतको काम नियमित रूपमा हुँदै गएको छ भने मर्मतकै समयमा तालिका मिलाएर आवश्यकताअनुसार नहरमा पानी छाड्ने गरिएको छ।

'बर्खा लागेपछि जाने पहिरोले नहर अवरुद्ध बनाउँदा सयौ हेक्टर जमिन बाँझो हुनेहुँदा हजारौं कृषकले सास्ती भोग्दै आएका थिए,' जलउपभोक्ता समितिका अध्यक्ष सुवेदीले भने-'सरकारले बजेट सुनिश्चित गरेसँगै पहिरो नियन्त्रण, मर्मतसम्भारको काम नियमित भएपछि खेतीयोग्य जमिनमा निरन्तर सिँचाइ सुविधा पुगेको छ।' पहिरो नियन्त्रण र नियमित मर्मत नहुँदा अनियमित बन्दै आएको नहर पछिल्लो समय नियमित रूपमा सुचारू रहेको उनले बताए।

चापाकोटको धेरै क्षेत्रफलमा सिँचाइ सुविधा पुगेकै भएर नहरको दिगो व्यवस्थापनमा सरकारले नियमित बजेट विनियोजन गरेको जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय स्याङ्जाले जनाएको छ । अतिपहिरो प्रभावित क्षेत्रको सुधारसँगै नियमित मर्मतबाट नहरलाई स्थायित्व दिन कार्यालयले समन्वयको काम गर्दै आएको छ। प्रभावित क्षेत्रको पहिचानसँगै दिगो सुधार र सम्भावित जोखिमका स्थानलाई मध्यनजर राखेर मर्मतको कामलाई प्राथमिकता दिएर अगाडि बढेको कार्यालयले जनाएको छ।

मुलनहरको सुधार र दिगो व्यवस्थापन र लामो समयदेखि मर्मतको काम गर्दै आएको समितिले सिँचाइ क्षेत्र विस्तारमा शाखा नहर निर्माणलाई तीव्रता दिएको छ । मुलनहरको स्थायित्व, सुधार र सिँचाइ क्षेत्रको विस्तारमा काम भइरहेको समितिका उपाध्यक्ष हसन मियाँले बताए । उनका अनुसार नहरलाई जोगाई राख्न केहि स्थानमा साना र छोटा सुरूङ्मार्ग (टनेल) समेत बनाउन आवश्यक रहेको छ।

सिँचाइ सुविधा नियमित भएपछि बसाइँ सर्नेक्रम रोकिएर आउने क्रम बढेको छ भने स्थानीय कृषकले मौसमी तथा बेमौसमी तरकारी र फलफूल खेती विस्तार गर्दै आएका छन् । सिँचाइको सुनिश्चितासँगै चापाकोट टार क्षेत्रमा आलु र तोरी लगाएतका बाली लगाउने कृषकको संख्यामा ह्वात्तै वृद्धि भएको छ । पछिल्लो समय झण्डै ६ सय घरपरिवार आँप-लिची खेती विस्तारमा लागेको स्थानीय कृषक विश्वास पुरीले बताए।

२०२५ सालमा निर्माण थालिएको झण्डै ३० करोडको लागतमा बनेपछि २०५० सालबाट सञ्चालनमा आएको नहरले त्यस क्षेत्रका कृषकको दैनिकीमा ठूलो परिवर्तन ल्याएको छ। सिँचाइ सुविधाको अभावमा सुख्खा रहेका टारहरूमा नहरबाट सिँचाइ हुन थालेपछि धान, गहुँ, मकै खेतीसँगै तरकारी, फलफूल उत्पादन, आयआर्जनमा वृद्धि भएसँगै हजारौं कृषक लाभान्वित भएका छन्। चापाकोट टार जिल्लाकै धान उत्पादन पकेट क्षेत्र र अन्नभण्डारणमा रूपान्तरण भएको छ।

# आगामी नयाँ बजेटमा उद्योगका समस्या सम्बोधन गर्न आग्रह

बुटवल। माघ महिनामै बजेटका विषयमा अर्थमन्त्रालयलाई सुझाव पेश गर्नका लागि नेपाल उद्योग परिसंघ सिएनआइको टोली देशव्यापी अभियानमा निस्केको छ।

नेपाल उद्योग परिसंघ लुम्बिनी र रूपन्देही उद्योग संघसँग आबद्ध रहेको उद्योगीहरूले आफ्ना समस्या बजेटमार्फत् सम्बोधनका लागि पहल गराइदिन सिएनआइका प्रतिनिधि समक्ष आग्रह गरेका छन् । उनीहरूले स्वदेशी उद्योगीका समस्या नीतिगत रूपमै सम्बोधन नहुँदा धेरै समस्या परेको बताउँदै यसअघि दिएका केही विषय लामो समयमा सम्बोधन भएकाले अहिले पनि त्यसलाई अघि बढाउन पहल गर्न आग्रह गरेका हुन्।

रूपन्देही उद्योग संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीको अध्यक्षता तथा महासचिव सुमन बस्यालको सञ्चालनमा भएको सो कार्यक्रममा सिएनआई लुम्बिनीका अध्यक्ष एजाज आलमले बाहिरबाट आएर यहाँका उत्पादनमा कमजोर बनाउने वस्तुमा लगाउनुपर्ने अन्तःशुल्कको विषयमा उद्योगीलाई सरकारले अनावश्यक दुःख दिएको बताए।

औद्योगिक क्षेत्र घोषणा भएर कार्यान्वयन नहुने, बैंक ब्याजदर स्थिर नहुने, निर्यात बढाउने खालका योजना कार्यान्वयनमा नआउनु मुख्य समस्या भएको उनको भनाइ थियो। आलमले निराशा चिर्नेखालको बजेट बनाउन उद्योगीको आग्रह रहेको सुझाव दिए।

बुटवल औद्योगिक क्षेत्र उद्योग संघका अध्यक्ष उपेन्द्र अग्रवालले राज्यले उद्योगीको रकम भुक्तानी लामो समय रोक्दा केही नहुने, तर व्यवसायीले केही दिन ढिलो गर्दा ठूलो हर्जाना लगाउने विषयमा गम्भीर हुनुपर्ने बताए।

हेलमेट र लेगार्ड उद्योगी रामप्रसाद बस्यालले उद्योगीले एकै विषयमा धेरैपटक बोलिरहनुपर्ने बाध्यता रहेको बताउँदै कच्चा पदार्थभन्दा बाहिरबाट आउने तयारी वस्तुको भन्सार दर दुई तह माथि भए सहज हुने सुझाव राखेका थिए।

प्लाष्टिक उद्योगी एवं संघका द्वितीय उपाध्यक्ष युवराज आचार्यले कबाड वस्तु खरिद गर्दा स्थानीय सरकारले लिने कर बढी भएकाले यसको उत्पादनमा समस्या भएको बताए । संघका प्रथम उपाध्यक्ष एवं वन पैदावार उद्योगी हरिबहादुर खत्रीले देश भित्रको काठ यसै खेर जाने तर बाहिरबाट आउने आयातलाई सहज बनाउने सरकारी नीतिले गम्भीर समस्या परिरहेको बताए।

फर्निचर उद्योगी एवं संस्थाका वरिष्ठ उपाध्यक्ष जीवकान्त काफ्लेले स्वेदेशी उत्पादन प्रयोग गर्ने सरकारी कार्यालयमा यसको कडाइ गर्ने नीति कार्यान्वयनमा लैजानुपर्ने जनाए । आर्थिक सल्लाहकार लालहरि पाण्डेले हरेक वर्ष उद्योगीका यस्ता विषय कार्यान्वयनमा नलगेर उद्योगमैत्री नीति बनाउन नसकेको विषय गम्भीर समीक्षाको विषय भएको बताए।

फेमश स्टिल उद्योगका सञ्चालक शहिद अख्तरले स्टिलका भाडाहरूमा गुणस्तर चिन्ह पाउन नसकेको विषय उठान गरे।

कार्यक्रममा गार्मेन्ट उद्योगी अनिश कसौधनले खुला नाका मुख्य चुनौती रहेको बताउँदै भारतबाट आउने बिल सिधै पास हुँदा यहाँका उत्पादनले बजार पाउन नसकेको बताए । कोषाध्यक्ष एवं राइस मिल उद्योगी विशाल बेलबासेले धान र चामलमा लगाउने भन्सार दरको प्रतिशत नमिल्दा यताको उद्योगहरू संकटमा परेको र चामल आयात बढेको जनाए।

सहभागी अन्य उद्योगीले लिखित तथा मौखिक रूपमा आफ्ना समस्याहरू बजेटमा समावेश गर्न आग्रह गरेको र त्यसलाई संस्थागत रूपमै पठाइएको संघका अध्यक्ष कृष्ण पराजुलीले बताए।

उद्योग संघले हरेक वर्ष सिएनआई, संघीय सरकार, प्रदेश सरकारलाई यस्ता विषयमा सुझाव दिँदै आएको संघका प्रमुख कार्यकारी अधिकृत यादव भण्डारीले जानकारी दिए।

सुझाव संकलनका लागि आएका सिएनआइका निर्देशक हिमाल पौडेल र राजीव मजगैँयाले हरेक वर्ष यसरी संकलन गरेका विषयहरू तीन महले बनाएर तथ्यांकसहित सरकारलाई बुझाउने गरेको र सरकारको राजस्व परामर्श समितिमा सिएनआई पनि भएकाले यस्ता विषयहरू कुनै न कुनै रूपमा सम्बोधन भइरहेको जानकारी दिए।

# डन मोडलमा स्पोर्टस् मिट सुरु




तिलोत्तमा। तिलोत्तमा ६ स्थित डन मोडल एकेडेमीमा स्पोर्टस् मिट-२०८२ सुरु भएको छ। विद्यालय प्रांगणमा आयोजित एक कार्यक्रममा विद्यालय सञ्चालक समितिका अध्यक्ष, पदाधिकारी र प्रिन्सिपललगायतले कार्यक्रमको उद्घाटन गरेका छन्।

स्पोर्टस् मिट उद्घाटन गर्दै विद्यालय सञ्चालक समिति अध्यक्ष यज्ञप्रसाद ज्ञवालीले विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्रदानका साथै उनीहरुको सर्वाङ्गीण विकासका लागि विद्यालयले वार्षिक कार्यतालिका अनुसार खेलकुद र अतिरिक्त क्रियाकलापलाई पनि उत्तिकै महत्व दिएर स्पोर्टस् मिटलाई निरन्तरता दिएको बताए।

विद्यालयका प्राचार्य सुबोध भट्टराईले शिक्षा पाठ्यपुस्तकमा मात्र सीमित नहुने भन्दै विद्यार्थीको खेल प्रतिभा प्रस्फुटन, अनुशासन, सहकार्यको भावना विकास, नेतृत्व क्षमता विकास र आत्म विश्वास अभिवृद्धि गर्न स्पोर्टस् मिटले टेवा पुग्ने बताए । उनले प्रतियोगितामा जित हारभन्दा सहभागिता महत्वपूर्ण हुने बताए।

माघ १४ देखि २० गतेसम्म सञ्चालन हुने स्पोर्टस् मिटमा विद्यार्थीलाई चार तहमा विभाजन गरी भलिबल, टग अफ वार, सट पुट, म्युजिकल चेयर, हाइजम्प, लङजम्प, टेबल टेनिस,चेस, क्रिकेट, फुटसल, दौडलगायतका प्रतियोगिता गराइने अतिरिक्त क्रियाकलाप संयोजक सुमन श्रेष्ठले जानकारी दिए।

विद्यालयका सहायक प्राचार्य सन्तोष पौडेलले खेलकुदले विद्यार्थीको शारीरिक स्वास्थ्य, मानसिक स्वास्थ्य, अनुशासन, नेतृत्व क्षमता विकास, सहकार्य भावनाको विकास गर्ने जनाए। कार्यक्रममा विद्यालय सञ्चालक समितिका पूर्व अध्यक्ष शिव कुमार पाठक, सदस्य यज्ञराज अर्याललगायतले आफ्ना धारणा राखेका थिए।

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरु
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरुमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही



स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com